# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code
5MXQ+5CJKohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८१/०८२ (महिला बालबालिका तथा समावेशीकरण उपशाखा)
च.नं.:

## राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना ।

मिति :२०८२।०१।५

प्रस्तुत विषयमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम मार्फत मानव विकास सुचाङ्कमा पछाडी परेका विपन्न , एकल महिला तथा अपाङ्गता भएका महिलाहरुलाई जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम संचालनको लागि दर्ता भएका महिला सहकारी संस्थाहरुले जीविकोपार्जन सुधार कार्यक्रमका लागि कृषि तथा पशु पालन क्षेत्र पर्यटन क्षेत्र र गैर कृषि क्षेत्रमा काम गर्ने गरि राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धी मापदण्ड २०७७ को अनुसचि २ बमोजिमको ढाँचामा प्रस्ताव तयार पारी निम्न विवरणहरु खुलाई सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस नगपालिकाको महिला बालबालिका तथा समावेशीकरण उप - शाखामा प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी पेश भएको प्रस्ताव उपर कुनै कार्वाही हुने छैन ।

**सञ्चालन गर्ने कार्यक्रम :**

| क्र.स. | कार्यक्रम | लक्षित समुह | कार्यक्रम सञ्चालन रकम | कै. |
|---|---|---|---|---|
| १. | जीविकोपार्जन सुधार कार्यक्रम अन्तरगत लक्षित समुहलाई सिप विकास आयआजर्न तथा व्यवसायिक तालिम सञ्चालन गरि रोजगार स्वरोजगार सिर्जना गर्ने कार्यक्रम । | मानव विकास सुचाङ्कमा पछिपरेका विपन्न एकल तथा अपाङ्गता भएका महिलाहरु । | ८,९०,०००। (अक्षेरुपी आठ लाख नव्वे हजार मात्र ) | |

**प्रस्तावनामा संलग्न हुन पर्ने आवश्यक कागजातहरु :**

१. प्रस्तावना पत्र (कार्यक्रमको लक्ष्य उद्धेश्य सहभागीहरुको छनौटको विधि कार्यक्रम गर्दाको शीर्षगत खर्च सहितको कुल कबोल अङ्क खुलेको हुनुपर्ने ) ।

२.महिला सहकारी संस्था दर्ता नवीकरण गरेको तथा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

३. आ.व. २०८०।०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ,अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन ।

४. कोहलपुर नगरपालिकामा महिला सहकारी संस्था सुचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी ।

.................
घटना शाह
उप - शाखा प्रमुख
घटना शाह
शाखा प्रमुख